# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर,कैलाली
### सुदूरपश्चिम प्रदेश, नेपाल

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश

**"खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत गँहुको उन्नत बीउको माग आवेदन पेश गर्ने बारेको सुचना"**

सूचना नं:- कृषि ०१-२०८२/०८३
(सूचना प्रकाशित मितिः- २०८२/०६/०७)
ने.स.११४५ कौलाथ्व: २ मंगलबार

टीकापुर नगरपालिका,टीकापुर,कैलालीको आ.व.२०८२/०८३ को सघिंय शर्सत अनुदान कृषि विकास तर्फको बार्षिक स्वीकृत कार्यक्रम अनुसार "खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान (धान,गँहु) कार्यक्रम "अन्तर्गत गँहुको उन्नत बीउ ५० प्रतिशत अनुदानमा उपलब्ध कार्यक्रम संचालन गर्नुपर्ने भएकोले यस टीकापुर नगरपालिका क्षेत्र भित्र रहेका ईच्छुक कृषक/कृषक समुह/कृषि फर्म/कृषि सहकारी संस्थाहरूले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन( मिति २०८२/०६/२१ गते) भित्र तपशिल बमोजिमका कागजात सहित यस टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, टीकापुर, कैलाली आवेदन पेश गर्नहुन सम्वन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:
कार्यक्रम संचालन हुने क्षेत्र : टीकापुर नगरपालिका भित्र ।
सहयोग अनुदान : ५०%अनुदानमा गँहुको उन्नत बीउ ।
प्राविधिक सेवा : निःशुल्क

आवश्यक कागजातहरु:
१.आवेदकको निवेदन (कुन जातको र कति परिमाण बीउ आवश्यक रहेको खुल्ने गरी) ।
२.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
३.जग्गा धनि लालपुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिएको भए मन्जुरीनामा भएको कागजातको प्रतिलिपी ।
४.कृषक समुह/सहकारीको कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपी ।
५.कृषक समुह/सहकारी/कृषि फर्मको हकमा संस्था दर्ता नविकरण प्रमाण पत्रको प्रतिलिपी ।
६.सम्वन्धित वडा कार्यालयको सिफारिस ।

...........................
रबिन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

थप जानकारीका लागि
टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा,टिकापुर,कैलाली
मोबाइल नं.९८५७८३६१२२/९८४८३७०८८८/९८४८५४६५७६

Scanned with CamScanner